

# ७ येशू र अभावमा परेकाहरु

*यस अध्यायका मूल पदहरू:* लूका १:४६-५५, लूका ४:१६-२१, लूका ४:१८-१९, लूका ७:१८-२३, मत्ती १२:१५-२१, मत्ती २१:१२-१६, मर्कूस ११:१५-१९ र यशैया ५३:३-६।

**_यस अध्यायको मूल सार पद:_ "१८ परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। टुटेका वा चोतमा परेका हृदयहरूलाई निको पार्न (नेपाली बाइबल र कुनै कुनै अङ्ग्रेजी अनुवादहरूमा यो व्याक्य हटाइएको छ), कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, दविएका वा थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, १९ र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ।"**

सनातन सृष्टिकर्ता परमेश्वर येशूले मानवीय रूप धारण गरेर आउनुपर्ने धेरै कारणहरू छन्। ती मध्ये वास्तविकरूपमा परमेश्वर कस्तो हुनुहुन्छ वा उहाँ कस्तो चरित्र वा स्वभावको हुनुहुन्छ भनेर परमेश्वरको बारेमा विभिन्न अन्यौल धारणाहरूमा अलमलिरहेका मानिसहरूलाई स्पष्ट ज्ञान दिन उहाँ आउनुपर्दाको एक महत्त्वपूर्ण कारण हो। आफ्नो शिक्षादीक्षाद्वारा, आफ्नो त्याग र बलिदानद्वारा, उहाँको जीवनशैलीद्वारा र सर्वसाधारण मानिसहरूसँग उहाँको चहलपहलद्वारा परमेश्वर मानिसहरूबाट अलग हुनुहुन्न र उहाँले मानिसहरूको वास्ता गर्नुहुन्छ भनेर देखाउन आउनुभएको थियो। कुनै कुनै उहाँका कामहरू उहाँले तत्कालै गर्नुभएको थियो जसले गर्दा अरू मानिसहरूको जीवनमा वास्तविक परिवर्तन ल्याएको थियो। यस्तो खालको येशूको सेवाकार्यको बारेमा पुरानो करारका भविष्यवक्ताहरूले, येशूका आमा मरियमले भविष्यवाणी गरेका थिए साथै येशू आफैले आफू आउनुको स्पष्ट धारणा आफ्नो प्रथम् लेखा

राखिएको प्रवचनमा व्यक्त गर्नुभएको थियो (लूका ४)। उहाँको बारेमा व्याख्या गर्नुपर्दा सुसमाचारका लेखकहरूले प्रायजसो पुरानो करारका भाषाहरू प्रयोग गरेका थिए। त्यसले गर्दा येशूको जीवन अगमवक्ताहरूको परम्परा अनुसार ढालिएको थियो भनेर स्पष्टरूपमा देखिएको थियो। दविएका, पिछडिएका, हेपिएका र गरिव वर्गलाई उहाँले करुणा देखाउँदा पुरानो करारका अगमवक्ताहरूकै शैलीमा देखाउनुभएको थियो।

तर धर्मकर्म आदि गरेर मुक्ति कमाउन चाहने वा अरूभन्दा आफू धर्मात्मा वा असल छु भन्ने धर्मगुरुहरूले येशूलाई खतराको रूपमा हेरेका थिए। धर्मको नाउँमा अतिवादी भएर कुनै र कहिल्यै पनि नराम्रो नगर्ने येशूलाई तिनीहरूले पक्रे। उहाँमाथि तिनीहरूले भयानक महाअभियोग लगाए, उहाँमाथि निर्लज्जतवरले कठोर व्यवहार गरे, अन्यायपूर्वक उहाँमाथि मुद्दा लगाए र अन्तमा उहाँलाई रोमी सरकारले आविष्कार गरेको अपराधीहरूलाई मृत्युदण्ड दिने अत्यन्तै क्रुर र भयानक सजायँ क्रुसमा उहाँलाई टाँगिदिए। मानिसहरूले एक आपसमा गर्ने अन्याय अत्याचारप्रति परमेश्वरको अनुभव उहाँले येशूद्वारा गर्नुभएको थियो। उहाँको मृत्युद्वारा पापको भयानक रूपमा पर्दाफास भएको थियो। तर जब उहाँ पुनरुत्थान हुनुभयो तब उहाँले दुष्ट शक्ति शैतानमाथि विजय पाउनुभयो। उहाँको भलाइ र उहाले दिनुहुने मुक्तिको निम्ति उहाँ विजयी हुनुभयो।

## १. येशूकी आमा मरियमको गीत

यो दृष्यलाई कल्पना गर्नुहोस्ः केही दिन अघिमात्र कुनै मानिसबाट होइन तर स्वर्गबाट आएका स्वर्गदूत गाब्रिएलबाटै मरियमले सन्देश पाएकी थिइन्। उनी सिधै सर्वसक्तिमान परमेश्वरको पुत्र येशूकी आमा हुने घोषणा उनले त्यस स्वर्गदूतबाट पाएकी थिइन्। त्यो कुरा उहाँले गुपचुपमै राखिन् तर उनी आफ्नी वृद्ध महिला नातेदार एलीशिबाकहाँ जान्छिन्। उनी पनि वृद्ध अवस्थामा नै अचम्म तरिकारले गर्भवती भएकी थिइन्। अन्तरआत्मिक ज्ञानले गर्दा मरियमले केही बोल्नुभन्दा अघि नै मरियमले के भन्न खोजेकी थिइन् सो एलीशिबाले थाहा पाइसकेकि थिइन्। ती दुवैले मिलेर परमेश्वरका प्रतिज्ञा र उहाँको भलाइको प्रशंसा गर्दै खुशियाली मनाएका थिए।

**लूका १:४६-५५मा मरियमले अत्यन्तै उत्साहित भएर परमेश्वरको प्रशंसा गरेको पाइन्छ। उनले आफूमा व्यक्तिगत रूपमा परमेश्वरले महान् काम**

गर्नुभएको स्वीकार गर्छिन् भने सबैको भलाईको निम्ति परमेश्वर कतिको सक्रिय हुनुहुन्छ भनेर व्यक्त गर्छिन् (लूका १:४९)। जब हामी परमेश्वरको प्रशंसा र आराधना गर्छौं तब त्यसमा उहाँले हामीलाई व्यक्तिगत र सबै मानिसहरूलाई गर्नुहुने कामको प्रशंसा किन समावेश हुनुपर्छ? हेर्नुहोस् मरियमको प्रार्थनाः "४६ अनि मरियमले भनिन्, "मेरो प्राणले परमप्रभुको गुणगान गर्दछ, ४७ र मेरो आत्मा मेरा मुक्तिदाता परमेश्वरमा रमाहट गर्दछ। ४८ किनकि उहाँले आफ्नी दासीको दीनतामा कृपा-दृष्टि गर्नुभएको छ, हेर, अब उप्रान्त सबै पुस्ताले मलाई धन्यकी भन्नेछन्। ४९ किनभने उहाँ, जो शक्तिशाली हुनुहुन्छ, उहाँले मेरो निम्ति महान् काम गर्नुभएको छ। उहाँको नाउँ पवित्र छ। ५० उहाँको भय मान्नेहरूमाथि उहाँको कृपा पुस्तादेखि पुस्तासम्म रहनेछ। ५१ उहाँले आफ्नो बाहुलीको सामर्थ्य प्रकट गर्नुभएको छ। उहाँले मनभित्रको कल्पनामा घमण्ड गर्नेहरूलाई छरपष्ट पार्नुभएको छ। ५२ उहाँले शक्तिशालीहरूलाई तिनीहरूका सिंहासनबाट हटाउनुभएको छ, र दीनहरूलाई उचाल्नुभएको छ। ५३ भोकाएकाहरूलाई उहाँले असल चीजहरूले तृप्त पार्नुभएको छ, र धनीहरूलाई उहाँले रित्तै हात पठाउनुभएको छ। ५४ उहाँले आफ्नो कृपा स्मरण गरेर आफ्नो सेवक इस्राएललाई सहायता दिनुभएको छ, ५५ र हाम्रा पुर्खाहरूलाई भन्नुभएझैं, अब्राहाम र उनको भावी सन्तानलाई सदाकालको निम्ति दया देखाउनुभएको छ।"

मरियमले गाएको गीत अत्यन्तै उल्लेखनीय छ। उनले व्यक्त गरेका भावनाहरू भजनसंग्रह र अरू हिब्रू अगमवक्ताका लेखहरूको पङ्क्तिमा राख्न सकिन्छ। परमेश्वरप्रति कृतज्ञ भएर अत्यन्तै भावविभोर भएर मरियमले आफ्ना भावनाहरू व्यक्त गर्छिन्। आफ्नो जीवनमा परमेश्वरले काम गरिरहनुभएको उनले देख्न पाएकी थिइन्। तर उनी इस्राएली राज्य र समस्ता मानव प्राणीको निम्ति परमेश्वरको वृहत योजनाप्रति पनि ज्ञानी भएकी थिइन्।

तर परमेश्वरको बारेमा मरियमको बुझाइ उहाँ केवल शक्तिशाली र प्रशंसाको योग्यमात्र होइन तर उहाँ विषेश गरेर गरिब, दविएका, पिछडिएका, असहायप्रति करुणामय, दयालु र पनि हुनुहुन्छ भन्ने थियो भनेर। उनलाई स्वर्गदूतले उनी गर्भवती हुने सन्देश दिएर गए लगत्तै उनले यो भजन रचेर गाएकी थिइन्ः "५२ उहाँले शक्तिशालीहरूलाई तिनीहरूका सिंहासनबाट हटाउनुभएको छ, र दीनहरूलाई उचाल्नुभएको छ। ५३ भोकाएकाहरूलाई

उहाँले असल चीजहरूले तृप्त पार्नुभएको छ, र धनीहरूलाई उहाँले रित्तै हात पठाउनुभएको छ।" (लूका १:५२-५३)।

यस संसारमा येशूको जीवनी सुरू भएको समयदेखि नै उहाँ शासक भनेर उहाँको चिनारी भएको थियो। तर उहाँ भौतिक र राजनैतिक शासक नभएर अर्कै खालको शासक हुनुहुन्थ्यो। जुन राज्य स्थापना गर्न र उद्घाटन गर्नु येशू आउनुभएको थियो त्यो राज्य सबैको निम्ति "उथल-पुथल हुने राज्य" थियो भनेर बाइबलका धेरै टिप्पणीकारहरूले व्याख्या गरेका छन्। संसारका राजनैतिक र सामाजिक राज्यहरूभन्दा उहाँको राज्य छुट्टै थियो। संसारका शक्तिशाली र धनी राज्यहरूभन्दा तिनीहरूको सामु उहाँको राज्य सबभन्दा तल्लो वर्गको थियो। त्यस राज्यमा गरिब, दविएका, पीडित र शोषित वर्गहरूले भरिएको र उत्थान हुने भएको थियो।

**यदि चर्च परमेश्वरको राज्यको प्रतिबिम्ब हो भने मरियमले वर्णन गरेको "उथल-पुथल राज्यको" चर्चले कसरी देखाउने? ख्रीष्टको प्रेममा सहभागी हुन निम्त्याइएका धनी र शक्तिशालीलाई अन्याय नगरिकन चर्च येशूको उथल-पुथल ल्याउने भित्री राज्य हो भनेर मानिसहरूलाई कसरी अनुभव दिने?**

## २.येशू आउनुभएको लक्ष्यको घोषणा वा वक्तव्य वा दस्तावेज (मिशन स्टेटमेन्ट)

शैतानको परीक्षाबाट उम्किसक्नुभएपछि **विभिन्न** सभाघरहरूमा सबैलाई मुग्ध गर्दै येशूले प्रचार गर्न थाल्नुभएको थियो। त्यही क्रममा उहाँ आफू हुर्कनुभएको गाउँ नासरतमा आउनुभयो। उहाँको आदत अनुसार एकदिन उहाँ सिनिगग अर्थात् यहूदीहरूको आराधना स्थलमा जानुभयो। त्यसबेलासम्म येशू लोकप्रिय भइसक्नुभएको थियो (लूका ४:१४)। त्यसले गर्दा जब उहाँ सिनिगगमा पस्नुभयो उहाँलाई धर्मशास्त्रको मुठ्ठा दिइयो। येशूले पल्टाउनुभएको अत्यन्तै महत्त्वपूर्ण अंश त्यस दिन पढ्ने अंश हो कि वा येशूले जानाजानी पढ्नुभएको हो सो हामीलाई थाहा नभएतापनि उहाँले पढ्नुभएको अंश अगमवक्ता यशैयाले लेख्नुभएको यशैया पुस्तकको यशैया ६१:१,२ थियो। तर जेभएतापनि उहाँले धेरै अरू प्रवचनहरू अरू समयमा दिनुभयो होला तर लूका ४:१६-२१मा उल्लेख गरिएको उहाँको छोटो प्रवचन प्रथम् सार्वजनिक प्रवचन भनेर मानिन्छ। त्यस साबथ दिनमा उहाँलाई पढ्न दिइएको त्यस साबथमा पढ्नुपर्ने अंश होस् वा उहाँले जानाजानी पढ्नुभएको हो त्यसलाई संयोग मान्नुपर्ने ठान्नु आवश्यकता छैन। "आज तिमीहरूले नै सुन्ने गरि तिमीहरूको

अगाडि धर्मशास्त्रको यो वचन पूरा भएको छ" (लूका ४:२१ रूपान्तरित) भनेर गर्नुभएको घोषणालाई लूकाले उहाँको प्रथम् सार्वजनिक सेवाकार्यको दस्तावेज वा वक्तव्य भनेर लेख्दछन्।

मरियमको गीतमा उल्लेख गरिएको "राज्यलाई उथल-पुथल गर्नुहुने" लयलाई त्यस साबथ दिनमा सबैको अगाडि येशूले तान्नुभएको देखिन्छ। राज्य वा मानिसहरूलाई उथल-पुथल गर्ने उहाँको लक्ष्य यही सभाघरबाट प्रभावकारी ढंगमा सुरू भएको देखिन्छ। येशूले यशैयाको भविष्यवाणीलाई उद्धृत गर्दै उहाँले के गरिरहनुभएको छ र उहाँले के गर्नुहुनेछ भनेर देखाउनुभएको थियो। यही कुरो मरियमले ३० वर्ष अघि येशूले गर्नुहुने कामको भावनालाई व्यक्त गरेकी थिइन्। गरिब, पिछिडिएका, समाजबाट तिरस्कृत, पिडित, दविएका, मन फाटेका, दुःखकष्ट पाइएका, विपन्नवर्ग जस्ता मानिसहरूलाई लक्षित गरि येशूले सुसमाचार ल्याउनुभएको थियो र त्यो लक्ष कायमै छ। यस संसारमा आफू आउनुको लक्ष्यको घोषणा गर्दै येशूले यशैया ६१का पदहरू प्रयोग गर्नुभएको थियो। उहाँको कामको लक्ष्य र सेवाकार्य दुवै आत्मिक र व्यवहारिक थिए। अध्यात्मिक जीवन र व्यवहारिक जीवन खास गरेर फरक छैन भनेर उहाँले देखाउनुहुने थियो। कतिपय मानिसहरूले आत्मिक जीवनमा लाग्यो भने व्यवहारिक वा पारिवारिक जीवन सम्हाल्न नैतिक वाध्यता छैन भनेर सोच्दछन्। तर त्यो धारणा गलत छ भनेर उहाँले देखाउनु भएको थियो। मानिसहरूको शारिरिकरूपमा हेरचाह गर्नु र मानिस भएको कारणले व्यवहारिक जीवनबाट नपन्छिनु नै येशू र उहाँका चेलाहरूको निम्ति आत्मिक जीवनको भाग थियो।

**देहायका पदहरू पढ्नुहोस्। येशूले सिनिगगमा भएको सेवाकार्यमा धर्मशास्त्र पढ्नुभएर आफू आउनुको लक्ष्य भन्नुभएको थियो तर मानिसहरूले उहाँको मनतव्यको घोर विरोध गरे। उहाँको परमेश्वरीय स्वभाव र मसीहीको लक्ष्यको बारेमा यहूदीहरूले आपत्ती जनाएका थिए। अहिले पनि कतिपय मानिसहरूले उहाँको बारेमा प्रश्न उठाइराखेका छन्। आफ्नो बारेमा येशूले दिनुभएको जवाफलाई तपाईं के भन्नुहुन्छ? तपाईंले पनि उहाँप्रति प्रतिबद्ध भएर बस्दा उहाँको बारेमा प्रश्न गर्दा तपाईं के भन्नुहुन्छ? हेर्नुहोस्: लूका ४:१६-३० "उहाँ नासरतमा आउनुभयो, जहाँ उहाँ हुर्कनुभएको थियो। उहाँ आफ्नो आदतअनुसार शबाथ-दिनमा सभाघरमा जानुभयो, र पढ्नलाई खड़ा हुनुभयो। १७ उहाँलाई यशैया अगमवक्ताको पुस्तक दिइयो। उहाँले त्यो पुस्तक खोल्नुभयो, र यो कुरो लेखिएको खण्ड निकाल्नुभयोः १८ "परमप्रभुका आत्मा**

ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, १९ र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ।" २० उहाँले पुस्तक बन्द गर्नुभयो, र एक जना सेवकलाई दिएर उहाँ बस्नुभयो। सभाघरमा भएकाहरू सबैको नजर उहाँमाथि पर्‍यो। २१ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "आज धर्मशास्त्रको यो वचन तिमीहरूले सुन्दासुन्दै पूरा भएको छ।" २२ सबैले उहाँको सराहना गरे, र उहाँको मुखबाट निस्केका कृपापूर्ण वचनमा छक्क परे, र तिनीहरूले भने, "यिनी योसेफका छोरा होइनन् र? " २३ उहाँले तिनीहरूलाई भन्नुभयो, "निःसन्देह, तिमीहरूले मलाई यो उखान भन्नेछौ, "ए वैद्य, आफैलाई निको पार। कफर्नहुममा तिमीले जे जति गर्‍यौ भनी हामीले सुनेका थियौं, ती यहाँ आफ्नो सहरमा पनि गर"।" २४ अनि उहाँले भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, कुनै पनि अगमवक्तालाई उनको आफ्नो देशमा स्वागत हुँदैन। २५ तर वास्तवमा म तिमीहरूलाई भन्दछु, इस्राएलमा एलियाको समयमा धेरै विधवाहरू थिए, त्यस बेला जब साढ़े तीन वर्ष वृष्टि रोकियो, यहाँसम्म कि सारा देशमा ठूलो अनिकाल परेको थियो। २६ तर एलिया सीदोन देशको सारपतमा भएकी एउटी विधवाकहाँ मात्र पठाइए, अरू कसैकहाँ पठाइएनन्। २७ एलीशा अगमवक्ताको बेलामा इस्राएलमा धेरै कुष्ठरोगीहरू भए तापनि सिरियाली नामान मात्र निको पारिए, अरू कोही निको पारिएनन्। २८ यी कुरा सुनेर सभाघरमा भएका सबै जना रीसले चूर भए। २९ तिनीहरू उठे र उहाँलाई सहरबाट बाहिर निकालिकन जुन पहाड़मा तिनीहरूको सहर बनाइएको थियो, त्यसैको टाकुरामा लगेर उहाँलाई तलतिर खसालिदिन खोजे। ३० तर उहाँ तिनीहरूका बीचबाट छिरेर निस्किजानुभयो।" र लूका ७:१९-२३ "१९ आफ्ना चेलाहरूमध्ये दुई जनालाई यूहन्नाले प्रभुकहाँ यो सोध्न पठाए, "जो आउनुहुनेछ, के तपाईं उहाँ नै हुनुहुन्छ? कि हामी अरू कसैको प्रतीक्षा गरौं?

२० जब ती मानिसहरू येशूकहाँ आए, तब तिनीहरूले भने, "बप्तिस्मा-दिने यूहन्नाले हामीलाई यो सोध्न तपाईंकहाँ पठाएका छन्, "जो आउनुहुनेछ, के तपाईं उहाँ नै हुनुहुन्छ? कि हामी अरू कसैको प्रतीक्षा गरौं? " २१ त्यसै बेला येशूले धेरैलाई रोग, व्यथा र दुष्टात्माहरूबाट छुटाउनुभयो, र धेरै अन्धाहरूलाई दृष्टि प्रदान गर्नुभयो। २२ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "जाओ, र जे तिमीहरूले देख्यौ र सुन्यौ, गएर यूहन्नालाई भनिदेओ,

**अर्थात् अन्धाहरूले दृष्टि पाउँछन्, लङ्गड़ाहरू हिँड्छन्, कुष्ठरोगीहरू निको हुन्छन्, बहिराहरू सुन्छन्, मृतकहरू जीवित भई उठ्छन्, गरीबहरूलाई सुसमाचार सुनाइन्छ। २३ त्यो धन्य हो, जसले ममा बाधाको कारण पाउँदैन।"**

येशूले आफ्ना चेलाहरूलाई यहूदीहरूको घरदैलोमा गएर सुसमाचार सुनाउन आदेश दिनुभएको थियो। त्यो आदेश उहाँको लक्ष्य सम्मत थियो। "स्वर्गको राज्य नजिक छ" भनेर घोषणा गर्ने आदेशको साथै "बिरामीहरूलाई निको पार, मरेकाहरू उठाऊ, कुष्ट रोगीहरूलाई निको पार र दुष्ट आत्माले सताउनेहरूलाई ती आत्माहरू निकालेर उद्धार गर। तिमीहरूले सित्तैंमा पायौ सित्तैंमा देऊ" **(मत्ती १०:८ रूपान्तरित) भन्ने** आदेश पनि थप्नुभएको थियो। चेलाहरूले गर्ने सेवाकार्यमा उहाँको नाउँलाई प्रतिबिम्बित गर्नु पर्दथ्यो साथै येशूले उहाँको सेवाकार्यमा देखाउनुभएको मूल्यमान्यतालाई व्यवहारमा लागु गरेर देखाउनुपर्दथ्यो र उहाँको राज्यमा मानिसहरूलाई पस्न आमन्त्रण गर्नुपर्दथ्यो। समाजका पिछडिएका, तिरस्कृत, अत्यन्तै कम महत्त्व मानिएका र हराइएकाहरूको उत्थान गर्ने येशूको लक्ष्यमा उहाँका चेलाहरू समावेश हुनुपर्दथ्यो।

**सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई यस संसारमा भौंतारिरहेका मानिसहरूलाई तिन स्वर्गदूतहरूका निर्णायक समाचार सुनाउने जिम्मा दिइएको छ। त्यो सन्देश सुनाउने क्रममा येशूले सिकाउनुभएको जीवनको व्यवहारिकतालाई वेवास्ता गर्ने प्रवृत्तिबाट कसरी हट्ने? "वर्तमान समयसापेक्षित सत्य"लाई घोषणा गर्न येशूका प्रत्येक विश्वासीहरू किन लाग्नुपर्छ र त्यही क्रममा समाजमा भएका बिसङ्गतिप्रति पनि हामीहरू किन संवेदनशील हुनुपर्दछ?**

## ३. येशूले निको पार्नुहुन्छ

सुसमाचारका पुस्तकहरूमा येशूका विभिन्न अलौकिक वा आश्चर्य कामहरू र विशेष गरेर उहाँको निको पार्नेकामै कामले (मसला लगाइदिएको कथाहरूले) भरिएका छन्। यशैयाले भविष्यवाणी गरे अनुसार नैं उहाँले अनेकौं रोगको बन्धनमा पारेकाहरूलाई उद्धार गर्नुभएको थियो, आत्मिकमात्र होइन शारीरिक अन्धाहरूका आँखा पनि खोलिदिनुभएको थियो। वर्षौंदेखि पक्षाघात रोगले सताइरहेको मानिसलाई उहाँले केवल उहाँको वचनद्वारा निको पार्नुभएको थियो (उदाहरणमा पढ्नुहोस्, मर्कूस ५:२४-३४, यूहन्ना ५:१-१५)। त्यही सन्दर्भमा उहाँले अझ धेरै काम गर्नुभएको थियोः लङ्गडोलाई पनि हिंड्न

लगाउनुभएको थियो, कुष्ट रोगले सताएकाहरूलाई केवल वचनलेमात्र होइन तिनीहरूलाई छोएरै निको पार्नुभएको थियो किनभने यहूदी संस्कार अनुसार कुष्ट रोग लागेका मानिसहरूलाई अशुद्ध र कसैले छुन पनि हुँदैनथ्यो, मानिसहरूका शरीर, आत्मा र दिमागलाई नियन्त्रनमा राख्ने दुष्ट आत्माहरूको उहाँले मुकाबिला गर्नुभएको थियो र उहाँले मुर्दाहरूलाई पनि उठाउनुभएको थियो।

आफ्नो शक्तिको प्रदर्शन गर्न र हुलकाहुल मानिसहरूलाई आफूतिर आकर्षित गर्न येशूले ती अचम्मका कामहरू गर्नुभएको थियो भनेर उहाँलाई शङ्का गर्ने र आलोचना गर्नेहरूले भन्लान्। त्यो स्वभाविकै हो। तर येशूले आफूतिर आकर्षित गर्न, आफ्नो शक्ति प्रदर्शन गर्नु भएन न त आफू लोकप्रिय हुन न त आफ्नो भाऊ खोज्न नै उहाँले अलौकिक काम गर्नुभयो। कतिपय समयमा जब उहाँले मानिसलाई निको पार्नुभयो तब त्यसको बारेमा उहाँले कसैलाई पनि नभन्नु है भनेर सिकाउनुभएको थियो। चङ्गाइ भएका मानिसहरूले आफ्नो लागि येशूले गर्नुभएको अचम्मको चङ्गाइलाई उहाँले अऱ्हाउनुभए अनुसार गुपचुप त राखेनन् तर उहाँले गर्नुभएको अचम्म वा अलौकिक काम अरूलाई देखाउनुभन्दा पनि महत्त्वपूर्ण र त्यसको अभिप्राय शारीरिक चङ्गाइभन्दा भिन्न भएको उहाँले बुझाउन चाहनुभएको थियो। अलौकिक शक्तिद्वारा मानिसहरूलाई स्वस्थ बनाउनुको अन्तिम लक्ष्य भनेकै तिनीहरू उहाँबाट पाउने मुक्तिमा सहभागी होऊन् भन्नाको लागि हो। यद्यपि, उहाँको करुणा र दयाको स्वभावलाई व्यक्त गर्न उहाँले मानिसहरूलाई निको पार्नुभएको थियो। उदाहरणमा जब ५००० लाई येशूले ख्वाउनुभन्दा पहिले मत्तीले उहाँको भावनालाई यसरी वर्णन गर्दछन् "जब येशू नदीको किनारमा आउनुभयो र मानिसहरूको भिँडलाई देख्नुभयो तब तिनीहरूमाथि उहाँको दया र करुणा जागेर आयो। तिनीहरूका रोगहरूलाई उहाँले निको पार्नुभयो" (मत्ती १४:१४ रूपान्तरित)। कष्टमा परिरहेका मानिसहरूको दर्द वा दुःख येशूले अनुभव गर्नुभएको थियो र जो जो मानिस उहाँको सम्पर्कमा आए तिनीहरूलाई उचाल्न सक्दो सहयोग गर्नुभयो।

**मत्ती १२:९-२८ पढ्नुहोस्। यहाँ येशूले गर्नुभएको कामसँग यशैयाले भविष्यवाणी गर्नुभएको कसरी मिल्छ साथै यशैयाले व्यक्त गरे अनुसार उहाँले केवल केही सय बिरामी मानिसहरूलाई मात्र निको पार्ने नभएर उहाँको काम बृहत भएको कसरी स्पष्ट पार्दछ? हेर्नुहोस्ः "९ त्यहाँबाट निस्केर उहाँ तिनीहरूको सभाघरमा जानुभयो। १० त्यहाँ एउटा हात सुकेको मानिस थियो। तिनीहरूले येशूलाई दोष लगाउने अभिप्रायले उहाँलाई सोधे, "के शबाथमा**

कसैलाई निको पार्नु उचित छ?" ११ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमध्ये कसैको एउटा भेड़ा छ, र शबाथमा त्यो खाल्डोमा पर्‍यो भने, के तिमी त्यसलाई समातेर बाहिर निकाल्दैनौ र? १२ भेड़ाभन्दा मानिस कति बढ़ी मूल्यवान् छ? यसैकारण शबाथमा भलो गर्नु उचित छ।" १३ तब उहाँले त्यस मानिसलाई भन्नुभयो, "तिम्रो हात पसार।" त्यसले हात पसार्‍यो, र त्यो हात अर्को जस्तै सद्दे भइगयो। १४ तर फरिसीहरूले बाहिर गएर उहाँलाई कसरी नाश गरौं भनेर उहाँको विरुद्धमा मतो गर्न लागे। १५ तब त्यो कुरा थाहा पाएर येशू त्यहाँबाट गइहाल्नुभयो, र धेरै जना उहाँको पछि लागे, र उहाँले तिनीहरू सबैलाई निको पार्नुभयो, १६ र उहाँ को हुनुहुन्छ सो कसैलाई नबताउने चेताउनी तिनीहरूलाई दिनुभयो। १७ यशैया अगमवक्ताद्वारा भनिएको वचन पूरा हुनलाई नै यो भएको हो, १८ "मेरा दास जसलाई मैले चुनेको छु, मेरा प्रिय जोसँग म प्रसन्न छु, म मेरो आत्मा तिनमा राखिदिनेछु, र तिनले जाति-जातिलाई न्यायको घोषणा गरिदिनेछन्। १९ तिनी न त झगड़ा गर्नेछन् साह्रै चिच्च्याउनेछन्, न त कसैले तिनको सोर गल्लीहरूमा सुन्नेछ। २० फुटेको निगालो तिनले भाँच्नेछैनन्, र धिपधिप भइरहेको सलेदो तिनले निभाउनेछैनन्, र अन्त्यमा न्यायलाई विजयसम्म पुर्‍याउनेछन्। २१ तिनैको नाउँमा जाति-जातिहरूले आशा राख्नेछन्। २२ तब उहाँकहाँ भूत लागेको एक जना अन्धो र गूँगो मान्छे ल्याइयो। येशूले त्यसलाई निको पार्नुभयो, यतिसम्म कि, त्यो गूँगो मानिस बोल्ने र देख्ने भयो। २३ अनि सबै भीड़ले अचम्म मानेर भने, "के यिनी दाऊदका पुत्र नै हुन सक्छन्? २४ तर यो सुनेर फरिसीहरूले भने, "यस मानिसले भूतको मालिक बालजिबुलद्वारा मात्र भूतहरूलाई धपाउँछ।" २५ तर उहाँले तिनीहरूको विचार थाहा पाएर तिनीहरूलाई भन्नुभयो, "आपसमा फूट परेको हरेक राज्य उजाड पारिनेछ, र हरेक सहर अथवा परिवार आफ्नै बीचमा फाटो पर्‍यो भने टिक्नेछैन। २६ यदि शैतानले शैतानलाई निकाल्दछ भने, त्यो आफ्नै विरुद्ध विभाजित हुन्छ, र त्यसो भए त्यसको राज्य कसरी टिक्न सक्छ? २७ यदि मैले बालजिबुलद्वारा भूतहरू धपाउँछु भने, तिमीहरूका छोराहरूले चाहिँ कसद्वारा ती निकाल्दछन्रु यसकारण तिनीहरू नै तिमीहरूका न्यायकर्ता हुनेछन्। २८ तर यदि परमेश्वरका आत्माद्वारा म भूतहरू धपाउँछु भने परमेश्वरको राज्य तिमीहरूमा आइसकेको छ।"

"येशूले गर्नुभएको प्रत्येक आश्चर्य वा अलौकिक कामले उहाँ परमेश्वर हुनुहुन्छ भनेर देखाएको थियो। मसीहले जे गर्नुहुनेछ भनेर गरिएको

भविष्यवाणी अनुसार उहाँले त्यही कुरो गर्नुभएको थियो। तर अतिवादी धर्मगुरु फरिसी तथा पण्डितहरूलाई येशूको दया र करुणाको काम अति भएको थियो। उहाँको कामलाई नकारात्मक रूपमा लिएका थिए। यहूदी धर्मका अगुवाहरूले मानिसहरूको दुःखकष्टलाई अत्यन्तै कठोर हृदयले हेर्दथे। कतिपय समयमा तिनीहरूको स्वार्थपना र दवावले कष्ट भोगिरहेका मानव पीडालाई येशूले उद्धार गर्नुभएको थियो। उहाँका अलौकिक वा आश्चर्य कामहरू ती धर्मका पण्डित वा अतिवादी धर्मका अगुवाहरूको निम्ति निन्दनीय थियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ४०६बाट रूपान्तरित। करुणा, दया देखाउनुपर्छ वा मानिसिक पीडालाई राहत दिन सहयोग गर्नुपर्छ भनेर केवल प्रवचन वा अर्तीमात्र दिने येशूको स्वभावमा थिएन। तर उहाँले जे काम गर्नुभयो त्यसमा उहाँले आफ्नो दया, करुणा र न्यायको प्रदर्शन गर्नुभएको थियो। तर उहाँको सबै अलौकिक कामको उद्देश्य केवल काम देखाउनमात्र नभएर मानिसहरूले अनन्त जीवन पाउन् भन्ने उद्देश्यले गरिएको थियो (यहून्ना १७:३ "अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्")।

## ४. मन्दिरलाई चोखो पार्नुहुन्छ

सुसमाचारको पुस्तकमा येशूका कथाहरू पढ्दा उहाँको कोमल, दयालु, करुणामय, नरम, सबैले मनपराउने स्वभावप्रति हामी आकर्षित हुन्छौं। बिरामी र बालबालिकाहरूलाई उहाँले देखाउनुभएको हेरचाहा, हराएकाहरूलाई उहाँले खोज्नुभएको कथाहरू र प्रायजसो परमेश्वरको आदर्श राज्यको बारेमा उहाँले गर्नुभएको चर्चाले गर्दा उहाँ अति मिजासिलो, नरम र मिलनसार हुनुभएको चित्रण हामी गर्छौं। यथार्थमा ती स्वभावका कथाहरू अत्यन्तै प्रभावकारी र धर्मका खोल ओद्नेहरूको निम्ति कटाक्ष भएको थियो। तर कहिले काहिँ धर्मगुरुको क्रियाकलापप्रति येशूले आपत्ति जनाउनुभएर तिनीहरूको विरुद्धमा प्रभावकारी कदम चाल्दा हामीलाई अचम्म लाग्नु स्वभाविकै हो।

**सुसमाचारको पुस्तकहरूमा लेखिएको देहायका यउटै खालका घट्नाहरूको अर्थ किन विशेष अर्थपूर्ण मान्नुपर्छ? हेर्नुहोस्: मत्ती २१:१२-१६ "१२ येशू परमेश्वरको मन्दिरमा प्रवेश गर्नुभयो। अनि उहाँले मन्दिरमा किनबेच गर्ने सबैलाई धपाउनुभयो, र पैसा साट्नेहरूका टेबिल, र परेवा बेच्नेहरूका आसन पल्टाइदिनुभयो। १३ उहाँले तिनीहरूलाई भन्नुभयो, "यो लेखिएको छ,**

"मेरो घर प्रार्थनाको घर कहलाइनेछ।" तर तिमीहरूले यसलाई डाँकूहरूको अड्डा बनाएका छौ।" १४ अन्धा र लङ्गड़ाहरू मन्दिरमा उहाँकहाँ आए, र उहाँले तिनीहरूलाई निको पार्नुभयो। १५ तर जब मुख्य पूजाहारीहरू र शास्त्रीहरूले चाहिँ उहाँले गर्नुभएका अचम्मका काम देखे, र केटाकेटीहरूले मन्दिरमा "दाऊदका पुत्रलाई होसन्ना" भन्दै चिच्च्याएका सुने, तब तिनीहरू क्रोधित भए, १६ र तिनीहरूले उहाँलाई भने, "सुन्दैछौ, यिनीहरूले के भनिरहेका छन्? " तब येशूले तिनीहरूलाई भन्नुभयो, "हो, सुन्दैछु। के तिमीहरूले पढ़ेका छैनौ, "शिशुहरू र दूधे-बालकहरूका ओठबाट तपाईंले पूर्ण प्रशंसा निकाल्नुभएको छ"?", मर्कूस ११:१५-१९, "१५ अनि यरूशलेममा पुग्नुभएपछि उहाँ मन्दिरभित्र पस्नुभयो, अनि मन्दिरमा किनबेच गर्नेहरूलाई बाहिर निकाल्नुभयो र पैसा साट्नेका टेबिलहरू र परेवा बेच्नेका बस्ने ठाउँहरू पल्टाइदिनुभयो। १६ उहाँले कसैलाई कुनै थोक मन्दिरबाट लैजान दिनुभएन। १७ अनि उहाँले शिक्षा दिँदै भन्नुभयो, "के यसो लेखिएको छैन, "मेरो घर सब जातिहरूका निम्ति प्रार्थनाको घर कहलाइनेछ"? तर तिमीहरूले त यसलाई डाँकूहरूको अड्डा बनाएका छौ।" १८ अनि मुख्य पूजाहारीहरू र शास्त्रीहरूले यो सुनेर उहाँलाई कसरी नाश पारौं भनी उपाय खोज्न लागे। किनभने तिनीहरू उहाँसँग डराउँथे, किनकि सारा भीड़ले उहाँको शिक्षामा अचम्म मानेका थिए। १९ साँझ पर्दा उहाँ सहर बाहिर निस्केर जानुभयो।", लूका १९:४५-४८ "४५ तब उहाँ मन्दिरभित्र प्रवेश गर्नुभयो र बिक्री गर्नेहरूलाई निकाल्नुभयो, ४६ र तिनीहरूलाई भन्नुभयो, "धर्मशास्त्रमा लेखिएको छ, "मेरो घर प्रार्थनाको घर हुनेछ, " तर तिमीहरूले त यसलाई डाँकूहरूको अड्डा बनाएका छौ।" ४७ उहाँले दिनहुँ मन्दिरमा शिक्षा दिँदैहुनुहुन्थ्यो। तर मुख्य पूजाहारीहरू, शास्त्रीहरू र जनताका प्रमुख मानिसहरूले उहाँलाई मार्न खोज्थे। ४८ तिनीहरूले उहाँलाई मार्ने कुनै उपाय भेट्टाउन सकेनन्, किनकि सबै मानिसहरू उहाँका कुरामा मुग्ध थिए।" र यूहन्ना २:१३-१७ "१३ यहूदीहरूको निस्तार-चाड नजिकै थियो, र येशू यरूशलेममा जानुभयो। १४ उहाँले मन्दिरमा गोरु, भेड़ा र ढुकुर बेच्नेहरू र पैसा साट्नेहरूले किनबेच गरिरहेका भेट्टाउनुभयो। १५ तब डोरीको एउटा कोर्रा बनाएर उहाँले मन्दिरबाट ती सबैलाई, तिनका भेड़ाहरू र गोरुहरूलाई समेत मन्दिरबाट बाहिर लघार्नुभयो, र पैसा साट्नेहरूको रेचकी घोप्ट्याएर तिनीहरूका टेबिल पल्टाइदिनुभयो। १६ ढुकुर बेच्नेहरूलाई उहाँले भन्नुभयो, "यहाँबाट यी सब थोक लैजाओ। मेरा पिताको भवनलाई व्यापारको घर

**नतुल्याओ।" १७ उहाँका चेलाहरूलाई धर्मशास्त्रमा लेखिएको यो कुरा याद भयो, "तपाईंका भवनको जोशले मलाई जलाउनेछ।"**

सुसमाचारको प्रत्येक पुस्तकमा येशूले मन्दिर सफा गर्नुभएको कथा किन उल्लेख गरियो यसमा अचम्म मान्नुपर्ने देखिन्दैन। द्रुत गतिले चलेको यो छोटो घट्ना येशूले गर्नुभएको क्रियाकलाप, देखाउनुभएको क्रोध र तेजस्वीमय जोश सबैलाई अकमक्क पार्ने रहस्यले भरिएको छ। बलि दिने पशुहरूको बिक्रीमा तोलमोल गरेर मन्दिरलाई व्यापारिक केन्द्र बनाएर त्यसलाई बिथुलो पारेकोमा येशूले आपत्ती जनाउनुभएको थियो। येशू खीष्टलाई नै औंल्याउने ती बलिका पशुहरूको बजार बनाउँदै जथाभावि पैसाको मोलतोल गरेर मन्दिरलाई अपवित्र पारेको घट्नाले सारा संसारको पापको निम्ति मर्नुहुने वास्तविक बलिकै बेइज्जत भएको उहाँले अनुभव गर्नुभएको थियो। (अझ त्यहाँ त मानिसहरूले महँगो मोलमा मन्दिरको पैसा किनेर धार्मिक विधिहरू पालन गर्नुपर्थ्यो जुन गरिबहरूको निम्ति भार थियो)।

मन्दिरमा येशूले देखाउनुभएको ताण्डब नृत्य वा क्रोध हिब्रू अगमवक्ताहरूको कामको परम्परासँग मिल्दो थियो। येशूको उक्त क्रियाकलाप ती अगमवक्ताहरूको कार्यमुताविक नै थियो भनेर सुसमाचारका लेखकहरूले यशैया, यर्मिया र भजनलाई उद्धृत गरेर पुष्टि गरेका थिए। सर्वसाधारण मानिसहरूले येशूलाई अगमवक्ता भनेर मानेका थिए ("१० जब उहाँ यरूशलेममा प्रवेश गर्नुभयो, सारा सहरमा हलचल मच्चियो। मानिसहरूले सोध्न लागे, "यिनी को हुन्? ११ भीड़का मानिसहरूले जवाफ दिए, "यिनी गालीलको नासरतबाट आएका अगमवक्ता, येशू हुन्" मत्ती २१:१०-११)। व्यापारीहरू र पैसा साट्ने मानिसहरूलाई येशूले मन्दिरबाट धपाएपछि बिमारीहरू येशूकहाँ आए र उहाँले तिनीहरूलाई निको पार्नुभयो साथै उहाँले त्यहाँ शिक्षा दिन थाल्नुभएको थियो। जब धर्मलाई पैसा कमाउने औजारको रूपमा प्रयोग गर्ने र धर्मका खोल लगाएका पुजाहारी तथा पण्डितहरू येशूको क्रोध सहननसकि भागाभाग भएका थिए तब गरिब, पिछडिएका, दविएका र बिरामी मानिसहरू उहाँकहाँ आए। उहाँले तिनीहरूलाई निको पार्नुभयो र उहाँको वचनले तिनीहरूको हृदयमा आशाको दियो बालिदिएको थियो।

निःसन्देह, धर्मका अगुवाहरूले पनि उहाँलाई अगमवक्ताको रूपमा स्वीकार गरेका थिए। तर उहाँको क्रियाकलापले तिनीहरूको समाजमाथि नियन्त्रण गर्ने शक्ति, अधिकार र स्थायित्वलाई चुनौति दिएको थियो। तिनीहरूको ढाँचामा येशू नचल्नुभएकोले तिनीहरूको निम्ति येशू अत्यन्तै खतरा

व्यक्ति ठानेर तिनीहरूले उहाँलाई मार्ने षडयन्त्र रच्न पुगे। विगतका शताब्दीहरूमा पनि तिनीहरूकै पूर्खाहरूले अनेकौं षडयन्त्र रचि अगमवक्ताहरूको हत्या गरेका थिए (येशूप्रति सर्वसाधारणहरू आकर्षित थिए तर धर्मगुरुहरू उहाँको लोकप्रियताप्रति डाही भएका थिए "४७ उहाँले दिनहुँ मन्दिरमा शिक्षा दिँदैहुनुहुन्थ्यो। तर मुख्य पूजाहारीहरू, शास्त्रीहरू र जनताका प्रमुख मानिसहरूले उहाँलाई मार्न खोज्थे। ४८ तिनीहरूले उहाँलाई मार्ने कुनै उपाय भेट्टाउन सकेनन्, किनकि सबै मानिसहरू उहाँका कुरामा मुग्ध थिए" लूका १९:४७-४८)।

**येशूको समयमा परमेश्वरको पवित्र मन्दिरलाई व्यापारिक केन्द्र बनाएर पैसाको निम्ति मानिसहरूले सत्यतालाई किनबेच गरेका थिए। आज पनि हामीहरू चर्चको सदस्यहरू भएको हैशियतले चर्चलाई व्यापारिक केन्द्र, रोजगार दिने निकाय ठान्ने प्रवृत्ति कहिल्यै नहुने गरि कसरी जोगाउने? धर्मको नाउँमा मोलतोल गर्ने आत्मिक खतराबाट कसरी उम्किने? ती क्रियाकलापहरू के के हुनसक्छन्? (उदाहरणमा चर्चका अगुवाहरूमात्र हेरेर इसाई हुने प्रवृत्ति, जसले धेरै पैसा दियो त्यसको चर्चमा बसाइ सराइ गरेर जाने प्रवृत्ति, आफ्नो भाऊ खोज्ने र सत्य येशूभक्त हुनुको सट्टा फाइदाको निम्ति इसाई हुने प्रवृत्ति आदि-अनुवादकको थप जानकारी)।**

## ५. येशूको क्रुस

हाम्रो परमेश्वर त्यो परमेश्वर हुनुहुन्छ जसले गरिब, निम्नवर्ग, पीडित, दविएका, पिछडिएका र समाजबाट तिरस्कृत गरिएकाहरूलाई देख्नुहुन्छ वा हेरिरहनुहुन्छ र तिनीहरूको क्रन्दन वा रुवाइ सुन्नु हुन्छ भन्ने आत्मज्ञानले हामीहरूलाई सान्त्वना दिनसक्छ र मनलाई हलुको पार्न सक्छ। त्यसको साथै त्यो परमेश्वर जो येशूमा संसारको अत्यन्तै पीडादायक अमानवीय, अत्याचार, अन्याय र दवावको अनुभव गर्नुभयो र सहनुभयो जसले सबैलाई चकित पार्दछ। येशूले कुनै भूल गर्नुभएको थिएन, उहाँले आफ्नो करुणा बिनापक्षपात सबैलाई देखाउनुभएको थियो, उहाँले सबैको भलो चिताउनुभएको थियो र देखाउनुभएको थियो। उहाँले सकेसम्म सबैको सेवा गर्नुभएको थियो, कसैसँग एक पैसा पनि नलिइ अनेकौं रोगीहरूको रोग सित्तैंमा निको पार्नुभएको थियो, देशीबिदेशी नभनी उहाँले सबैलाई समान माया र चासो देखाउनुभएको थियो। तैपनि उहाँको अमानवीयरूपमा किन हत्या गरियो? धर्मका खोल ओद्ने, अतिवादी र आफ्नो जातमात्र ठूलो ठान्ने मानिसहरूले उहाँलाई घृणा गरे,

उहाँको डाहा र ईष गरे, उहाँको दाँजोमा पुग्न नसक्नेभएकोले उहाँ खतरा हुनपुग्नुभयो जसले गर्दा उहाँ अन्याय र अत्याचारको शिकार हुनपुग्नुभयो।

गेतसमनीमा आफू मर्नुपर्ने पीडालाई सम्झन्दै उहाँले बलिन्द्र आँशु झार्दै उहाँले प्रार्थना गर्नुभएको थियो। आफ्नै साथी भनेर विश्वास गरिएको मित्रले गद्दारी गर्दै धार्मिक तथा सरकारी पुलिसहरूबाट उहाँलाई समात्न लगायो, अनेकौं झुटो महाअभियोग लगाउँदै उहाँमाथि मुद्दा चलाइयो र अपराधी ठहऱ्याइयो, उहाँलाई अत्यन्तै अमानवीय तरिकाले यातना दिइयो, यहूदी र गोरा जाति रोमी सिपाहीँहरूले उहाँको खिल्ली उडाए, आखिरमा उहाँलाई त्यसबेलाको क्रुर दण्ड क्रुसमा टाँगेर मारियो, उहाँले कठोर पीडा भोग्नुभयो, शोषण तथा दवाउने शक्ति रोम तथा धर्मगुरुहरूको दुष्टयाईं र निर्दयीतालाई सहनुभयो। यी सबै चर्को कष्ट उहाँ निर्दोष, शुद्ध र असल भएर पनि सहनुपऱ्यो। "मानिसको रूप लिएर उहाँ दासको स्वभावमा झर्नुभयो र उहाँले आफूलाई केही ठान्नुभएन। उहाँ मानिस जस्तो देखिनु भयो र उहाँ नम्र हुनुभयो र मर्नको लागि पनि उहाँ आज्ञाकारी हुनुभयो-क्रुसको मृत्युपनि अङ्गाल्न उहाँ राजी हुनुभयो!"-(फिलिप्पी २:७,८ रूपान्तरित)। मुक्तिको इतिहासको ऐनाले हेरियो भने हाम्रो निम्ति येशूको बलिदानको मिठासपना अर्थात् सौन्दर्यतालाई देख्छौं तर उहाँले सहनुपरेको प्रचण्ड महाकष्ट र अन्यायलाई हामीले कहिल्यै पनि बिर्सनुहुन्न।

**निर्दोष व्यक्ति पापी र दोषी मानिसहरूको निम्ति सहनुपर्ने येशूको अनुभवलाई यशैया ५३ले कसरी भविष्यवाणी गरेको थियो? हाम्रो निम्ति उहाँले कस्तो अमानवीय, अत्याचार, आतङ्कित, कठोर यातना कसरी सहनुभयो भनेर उक्त पदहरूले हामीलाई कसरी भन्दछ? हेर्नुहोस्, "१ हाम्रो समाचार कसले विश्वास गरेको छ? र परमप्रभुको बाहुबल कसलाई प्रकट गरियो? २ ऊ उहाँको सामु कलिलो बोटजस्तो र सुक्खा जमिनबाट निस्केको जरोजस्तो बढ्यो। ऊसित हामीलाई आकर्षण गर्ने न केही सुन्दरता न त महत्त्व नै थियो। उसको अनुहारमा हामीलाई मन पर्ने केही थिएन। ३ ऊ मानिसहरूबाट घृणित थियो र इन्कार गरियो, अफसोसमा परेको मानिस र कष्टसित परिचित। ऊ त्योजस्तो थियो, जसलाई देखेर मानिसहरू आफ्ना मुख फर्काउँछन्। ऊ घृणित थियो, र हामीले उसलाई केही मोलको गनेनौं। ४ निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दुःख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दुःखमा परेको सम्झ्यौं। ५ तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसको कोर्राको चोटले हामी निको भयौं। ६**

**हामी सबै भेड़ाझैं बरालिएका छौं। हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ। ७ ऊ थिचोमिचोमा पऱ्यो, र उसलाई कष्ट पऱ्यो, तापनि उसले आफ्नो मुख खोलेन। मारिनलाई लगेको थुमाजस्तै ऊ डोऱ्याएर लगियो। आफ्नो ऊन कत्रनेको सामु भेड़ा मौन भएझैं उसले पनि आफ्नो मुख खोलेन। ८ अत्याचार र इन्साफद्वारा ऊ लगियो। उसका सन्तानका बारेमा कसले विचार गर्न सक्छ? किनकि ऊ जीवितहरूको देशबाट अलग गरियो, र मेरो प्रजाका अपराधको निम्ति उसमाथि कुटाइ पऱ्यो। ९ उसको चिहान दुष्टहरूसित बनाइयो, र मृत्युमा धनीहरू उसको साथमा थिए, यद्यपि उसले केही उपद्रव गरेको थिएन न त उसको मुखमा केही छल थियो। १० तापनि उसलाई चकनाचूर र कष्टमा पार्न परमप्रभुको इच्छा थियो, र परमप्रभुले उसको प्राणलाई दोषबलिझैं बनाउनुभए तापनि, उसले आफ्ना छोराछोरीलाई देख्नेछ र आफ्नो दिन बढ़ाउनेछ र परमप्रभुको इच्छा उसकै हातमा उन्नत हुनेछ। ११ उसका प्राणको वेदनापछि उसले जीवनको ज्योति देख्नेछ र सन्तुष्ट हुनेछ। आफ्नो ज्ञानद्वारा मेरो धर्मी दासले धेरैलाई धर्मी बनाउनेछ, र उसले तिनीहरूका अधर्म बोक्नेछ। १२ यसैकारण महान्हरूसँगै उसलाई पनि म एक भाग दिनेछु, र उसले लूटको माल सामर्थीहरूसित बाँड्नेछ। किनभने उसले आफ्नो जीवन मृत्युमा खन्यायो, र ऊ अपराधीहरूको गन्तीमा गनियो। किनकि उसले धेरैको पाप बोक्यो र उसले अपराधीहरूका निम्ति मध्यस्थता गऱ्यो।"**

अन्याय, अत्याचार, दुष्टता, अमानवीयताको शिकार हुनु भनेको के हो भनेर परमेश्वरले येशूद्वारा अनुभव गर्नुभएको थियो। निर्दोष मानिसको हत्या गर्नु भनेको आफैमा आक्रोसपूर्ण त थियो नै, तर परमेश्वरकै हत्या गर्नुभनेको त अति नै भएको थियो। हामीहरूको टुटेको र पतित अवस्थामा परमेश्वर आफै परिचित हुनुभयो जसले गर्दा उहाँबाट हामीले पाउने सहानुभूति, करुणा, विश्वसनीयता र अन्तर्भाव उहाँबाट पाउनसक्छौं भन्ने कुरामा केही शङ्का छैन। "१५ किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो। १६ यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं।" हाम्रो परमेश्वरको चरित्रलाई यसरी उघार्नु भन्दा अरू के उल्लेखनीय विषय हुनसक्छ र? क्रुसले ल्याउने परमेश्वरको सुसमाचार हामीहरूको दिमागमा खेलाउन पनि हामी कसरी सक्छौं र?

**हाम्रो प्रभुको निम्ति जे सेवा गर्छौं विशेष गरेर समाजका विपन्न, पिछडिएका, दविएका आदिहरूकहाँ पुग्छौं तब येशू हाम्रो सट्टा मर्नुभयो भन्ने आत्मज्ञानलाई सधैं किन हाम्रो दिमागमा राखिराख्नुपर्छ? जसको सेवा गर्छौं त्यसको निम्ति पनि उहाँ मर्नुभयो भन्ने कुरालाई हामीले कसरी सम्झिरहने? अर्थात् जसको निम्ति येशू मर्नुभयो त्यसलाई हामीले कस्तो व्यवहार गर्ने सो कुरामा हामी किन सधैं संवेदनशील भइरहनुपर्छ?**

## उपसंहारः

**थप जानकारीको लागिः एलेन जी ह्वाइटद्वारा लिखित** *वेलफेयर मिनिस्त्रीको* पृ. ११७-१२४ पृ.को "इन द फुटस्टेप्स अभ द मास्टर", *मिनिस्त्री अभ हिलिङ्ग,* पृ. २९-५०को "डेज अभ मिनिस्त्री, *द डिजाएर अभ एजेजको* ५८९-६००को "द टेम्पल क्लिन्स एगेन" र पृ. ७२३-७४०को "इन पाइलटस् जजमेन्ट हल" पढ्नुहोस्।

"परमेश्वरको आज्ञा वा दश आज्ञालाई सरासर उलङ्घन गर्नेलाई उहाँले दण्ड दिनुहुनेछ भन्ने निर्णायक प्रमाण उहाँको वचनमा प्रस्तुत गरिएको छ। यदि कसैले परमेश्वर अति दयालु हुनुहुन्छ, हामीले जे गरे पनि (वा उहाँका आज्ञाहरूलाई पालन गर्नुपर्ने आवश्यकता छैन) हुन्छ भनेर आफैमा ढुक्क हुन्छन् किनभने उहाँले हामीलाई दण्ड दिनुहुन्न भनेर सोच्दछन् तिनीहरूले कलभरीको क्रुसमामात्र हेर्नुपर्छ। कुनै खोट नभएको वा निर्दोषी परमेश्वरको पुत्रको मृत्युले यो देखाउँदछ कि पापको ज्याला मृत्यु हो र परमेश्वरको प्रत्येक आज्ञाको उलङ्घन गर्नेलाई उचित दण्ड दिइनेछ। पापरहित येशू मानिसको निम्ति पाप हुनुभयो। आज्ञाको उलङ्घन गर्ने दोषको भार उहाँले बोक्नुभयो। उहाँको पिताको अनुहार यसरी लुकेको उहाँले अनुभव गर्नुभयो कि उहाँको हृदय छियाछिया भयो र उहाँको जीवन धुजाधुजा भयो। सबै कष्ट सहेर उहाँले आफ्नो जीवन यसरी आहुति दिनुभयो वा बलिदानको निम्ति सुम्पनुभयो ताकि पापीहरूले उद्धार पाउन्। पापको दण्डबाट मानिसलाई मुक्त गर्न अरू कुनै उपाय छैन। प्रत्येक व्यक्ति जसलाई येशूको मृत्युबाट उपलब्ध गराइएको मुक्तिलाई अस्वीकार गर्दछ त्यसले आफ्नो पापको भार आफैले बोक्नुपर्ने हुन्छ र आज्ञाको उलङ्घन गर्दा पाउनुपर्ने दण्ड उसैलै भोग्नुपर्ने हुन्छ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ५३९,५४०बाट रूपान्तरित।

**चिन्तनमननः**

अ) एलेन जी ह्वाइटको माथिको कथनलाई फेरि ध्यान दिएर पढ्नुहोस्। त्यसमा अन्यायको वास्तविकतालाई कोरिदिएको छः निर्दोष येशू ख्रीष्टले पापीहरूको निम्ति दण्ड भोग्नुभयो! हामीले यो निर्णायक सत्यलाई दिमागमा राखि राख्न किन महत्त्वपूर्ण छ?

आ) जुन प्रकारको राज्य उहाँले स्थापना गर्न चाहनुभएको थियो त्यसको लागि उहाँले न कुनै राजनैतिक, आर्थिक, सामाजिक र धार्मिक सुधार आन्दोलना गर्नुभयो न त त्यसको निम्ति कुनै अभियाननै चलाउनुभयो। शोषित र पिछडिएका वर्गहरूलाई सहयोग गर्ने नाउँमा अनेकौं हिंसा र दवाव दिएर आन्दोलन गरेका मानिसहरूको दुःखद कथाहरूले मानव इतिहास भरिएको छ। कतिपय समयमा एउटा दमनकारी वर्गलाई दवाएर अर्को दमनकारी वर्ग खडा भएर दमन गर्ने वर्गको उदय भएको पाइन्छ। दमनमा परेका मानिसहरूको उद्धार गर्न येशूका विश्वासीहरू लाग्नु पर्छ जुन् शक्ति त्यस कामको निम्ति अघि सर्दछ त्यससँग मिलेर काम गर्नुपर्दछ। तर राजनीतिलाई हतियार बनाएर शोषित वर्गलाई उद्धार गर्नुपर्छ भन्ने नाउँमा किन अन्याय र अत्याचार र आतङ्कबादको बाटो अपनाउनुहुन्न?

इ) मुक्तिको योजनाको माग के थियो त्यो सोच्नुहोस्। न्यायप्रेमी येशू अन्यायीको निम्ति दुःखकष्ट पाउनुभयो। कुनै न कुनै तवरले हामी सबै अन्यायी वा दोषी छौं। हाम्रो निम्ति येशूको यो महान् बलिदानले हामी सबैलाई नयाँ मानिसहरू किन बनाउनु हुँदैन?

**सारांशः** पुरानो करारका अगमवक्ताहरूका कामहरूलाई औंल्याएर सुसमाचारको पुस्तकमा येशूको सेवाकार्यको परिचय दिइएको थियो। गरिब तथा बिपन्न वर्गहरूको निम्ति सुसमाचार, दमनकारीहरूबाट स्वतन्त्र र चित्त फाटेकाहरूका चोटहरू निको पार्ने कामको प्रदर्शन नै मसीहको घोषणा थियो। यो सबै येशूले आफ्नो जीवनबाट देखाउनुभएको थियो। तैपनि उहाँले आफ्नो मृत्युमा अन्यायको मार सहनुभएको थियो र पतित, अमानवीयता तथा अति क्रुर व्यवहार उहाँमाथि खनिएको थियो। हाम्रो निम्ति उहाँको अन्यायी मृत्युको निम्ति उहाँलाई धन्यवाद छ किनभने त्यसले गर्दा हाम्रा पापहरूबाट हामी क्षमा पाउँछौं र हामीलाई अनन्त जीवनको प्रतिज्ञा उपलब्ध गराइएको छ।

## कथा ७
## साबथमा काम गर्नुपर्ने
## सोफी बाउमा, ४४, न्यु क्यालेडोनिया

साउथ पासिफिक क्षेत्रमा न्यु क्यालेडोनिया राज्य छ। त्यो फ्रान्स देशको नियन्त्रणमा छ। त्यस देशको सहरमा सन २०१७को अक्टोबर महिनामा एक जना सेभेन्थ-डे एडभेन्टिस्ट चर्च पास्टरले सुसमाचारीय कार्यक्रम गरेका थिए। त्यस कार्यक्रममा सोफी बौमा भन्ने एक जना महिलाले चौथौं आज्ञा अनुसार शनिबारै साबथ हो भनेर प्रचार गरेको सुनिन् र त्यसबाट प्रभावित भएर उनले साबथको सन्देशलाई स्वीकारिन्।

तर उनले शनिबार आफ्नो नियमित काम छोडिनन्। उनी हप्ताको चार दिन वा मङ्गलबारदेखि शुक्रबारसम्म मारे भन्ने एउटा सानो टापुमा रहेको मेबुट गाउँको बिशाल बजारमा काम गर्थिन्। उनको सलिन नाउँ गरेकी अर्की सहकर्मीले अरू बाँकि तिन दिन त्यो बजार चलाउँथिन्।

तर मौसम अनुसार घाम कि त ५:३० कि त ६:४५मा अस्ताउँथ्यो। सोफीले बेलुका ७ बजे शुक्रबार आफ्नो बिशालबजार बन्द गर्नु पर्दथ्यो। साबथको सन्देशलाई ग्रहण गरेपछि उनलाई के गरुँ के गरूँ भयो। शुक्रबार अबेरसम्म काम गर्न उनको मनले मानेन् तर काम पाउन गाऱ्हो भएकोले आफ्नो काम पनि छोड्न चाहेकी सकिनन्। उनको तलबले सबै परिवारलाई धान्नुपर्थ्यो। त्यसकारण समय तालिकामा हेरफेर होस् भनेर परमेश्वरसँग उनले प्रार्थना गरिन्।

एक शुक्रबार बेलुका जब सोफी काम गर्दै थिइन् र साबथको बारेमा चिन्ता गर्दै थिइन् उनलाई उनकी सहकर्मी सलिनको फोन आयो। आफू न्यु क्यालेडोनियाको राजधानी नौमियामा भएको र हवाई जहाजको टिकट नपाएकोले त्यहीँ अड्किएको उनले सुनाइन्।

"के तिमी भोलि शनिबार मेरो सट्टा काम गर्न सक्छौ?" सलिनले सोफीलाई सोधिन्।

"अहँ, भोली त मेरो साबथ दिन हो म चर्चमा जान्छु। तिमीलाई थाहा छ त्यस दिन म परमेश्वरको आराधना गर्छु।" सोफीले जवाफ दिइन्।

केही समय पछि बिशाल बजारको मालिक्नीले सोफीलाई एसमएस पठाइन्। उनी पनि न्यु क्यालेक्डोनियाको राजधानीमा थिइन्। "तिमीले भोलि

शनिबार भएपनि पसल खोल्नुपर्छ र काम गर्नैपर्छ" त्यस बिशाल बजारको मालिक्नीले आदेश दिइन्। "भोलि परमेश्वरको आराधना गर्ने मेरो दिन हो। त्यसकारण म बिशाल बजार खोल्न सक्दिनँ" नडराइकन सोफीले एसएमएस पठाइन्। "ल हुन्छ त। बजार बन्द गर" मालिक्नीले जवाफ दिइन्। अब सोफीलाई चिन्ता लाग्यो। यो कुरा उनले आफ्नो महिला विश्वासीलाई सुनाइन् "अब मेरो जागिर जाने भयो।" "मान्छेको डर नमान्नु तर परमेश्वरको भय मान्नु" भनेर उनले जवाफ दिइन्।

आइतबारको दिनसम्म उनकी सहकर्मी सलिन अझै टाढै थिइन्। सलिनले बिशाल बजार खोल्ने आफ्नो दिन नभएतापनि पसल खोलिन्। बिशाल बजारकी मालिक्नी पनि हवाइ जहाजबाट उडेर आउन सकिन् र काममा आइन्। उनी सोफीसँग अत्यन्तै रिसाएकी थिइन्।

"यो बिशाल बजार शनिबार कहिल्यै पनि बन्द भएको छैन र शनिबार फेरि बन्द भएको म चाहन्न" पड्किएर सोफीलाई भनिन्। तर सोफीले नम्र भएर भनिन् "हजुर, शनिबार मेरो परमेश्वरको आराधना गर्ने दिन हो। त्यसकारण म त्यस दिन काम गर्न सक्दिन। यदि तपाईंले मलाई कामबाट निकाल्नुहुन्छ भने निकाली दिनुहोस्।" तर पनि उनकी मालिक्नीले सोफीलाई कामबाट कामबाट निकालेनन्।

केही हप्ता पछि सोफीले आफ्नो ठूली छोरीलाई भेट्न जान चार दिनको छुट्टी मागिन्। उनकी छोरी क्याथरिन राजधानी सहरमा बस्दथिन्। त्यसकारण उनी त्यहाँ हवाइ जहाजबाट जानुपर्दथ्यो। जब उनी त्यहाँबाट फर्केर आइन् उनको पसलको मालिक्नीले उनलाई चार दिन पसलमा काम नगरेकोले त्यसको सट्टामा चार दिन छुट्टै काम गर्नुपर्छ भनेर भनिन्। त्यसको दुई दिनचाहिँ शनिबार परेको थियो।

सोफीले आफ्नो साथीको सट्टामा अर्को दिन काम गर्छु तर शनिबार काम नगर्ने भनेर मालिक्नीलाई भनिन्। तर मालिक्नीले काम गर्नै पर्छ भनेर जिद्दी गरिन्। नचाहँदा नचाहँदै पनि दुवै शनिबार सोफीले रुञ्चे मुख लगाउँदै दुवै शनिवार काम गरिन्। जसको कारण उनी रातभरि सुत्न पनि सकिनन्।

अत्यन्तै निराश भएर उनले परमेश्वरसँग प्रार्थना गरिन्, "प्रभु, मलाई साबथ दिनमा तपाईंको आराधना गर्ने मौकाको लागि मलाई सहायता गर्नुहोस्।" आफ्नो चर्चमा पनि त्यसको निम्ति प्रार्थना गर्न अनुरोध गरिन्।

केही दिनपछि पसलको मालिक्नीले कामको नयाँ तालिका बनाइन्। मालिक्नीको अनुरोधमा सोफीले अब दिनदिनै काम गर्दथिन्। तर उनलाई मालिक्नीले थप तलब दिनु परेको थियो। "अबदेखि तिमीले आइतबारदेखि बुधवार काम गर्नु" मालिक्नीले सोफीलाई भनिन्। उनको कुरा सोफीलाई पत्यार गर्नै गाऱ्हो भयो। सोफी अत्यन्तै हँसिली भएर आफ्नो घरमा दगुरेर गइन् र आफ्नो श्रीमानलाई त्यो कुरा सुनाइन्।

आज, सोफीले शनिबार काम नगर्दा थोरै तबल पाउँछिन् तर त्यसको पर्वाह उनलाई छैन किनकि उनले साबथमा परमेश्वरको आराधना गर्न पाउने भएकी छिन्।

"मेरो तलबभन्दा पनि परमेश्वरसँग मेरो समय मूल्यवान छ। साबथमा काम गर्नु नपर्ने स्वतन्त्रता नै मेरो आनन्द हो" हँसिलो भएर सोफीले भनिन्।

यस त्रैमासिकको उब्रिएको भेटीको केही भाग सोफी रहेको चर्चमा बाल सङ्गतिको निम्ति थप दुई वटा भवन बनाउन सहयोग मिल्ने छ। सोफी र उनको श्रीमान रहेको मेब्यूट गाउँमा १५०० मानिसहरू छन्। उनी र उनको श्रीमानमात्र त्यस गाउँको सेभेन्थ-डे एडभेन्टिस्ट हुन्।

*-आन्ड्र्यु मेकचेस्नी*